जि.प्र.का.झापा द.नं.६९। ०५७७०५८

सत्यता, स्वतन्त्रता र निष्पक्षता हाम्रो प्रतिबद्धता

राष्ट्रिय दैनिक

# पूर्वसन्देश

PURBA SANDESH NATIONAL DAILY

purbasandesh.com

❑ वर्ष-२१ ❑ अंक - १२१ ❑ २०८३ वैशाख १९ गते शनिबार ❑ Saturday, 02 May 2026 ❑ मूल्य ७ /-



## निजामती सेवा विधेयकमा मागिएको सल्लाह

✍ शम्भु कोइराला

३

**सिटी डेन्टल**

आधुनिक प्रविधिबाट सञ्चालित यहाँ नयाँ प्रविधिबाट दाँत लगाउनुको साथै मुख तथा दाँतसम्बन्धी सम्पूर्ण उपचार गरिन्छ।

**यसको शाखा मधुमल्लामा पनि खुलेको छ ।**

दमक-६, झापा
**फाल्गुनन्द चौक**
फोन: ०२३-५७५४०९

**आमा डेन्टल केयर प्रा. लि.**

दमक-६, थानारोड (प्रधान कार्यालय)
सम्पर्क नम्बर : 023-572643/9814912500
दमक–१, रबि स्टेन्ड गेट नजिक (शाखा कार्यालय)
सम्पर्क नम्बरः 023-577816




**हाम्रा उपलब्ध डाक्टरहरु**

१. डा. प्रनेस श्रेष्ठ (MDS- Orthodontist)
२. डा. सुस्मिता नेपाल (BDS- Dental Surgeon)
३. डा. मीरा आचार्य (BDS- Dental Surgeon)

नोट : हप्ताको सातै दिन दन्त उपचार सेवा उपलब्ध छ।

# दमकका सुकुमबासी बस्तिमा 'डोजर चल्ने'त्रास

✍ गोपाल झापाली



**दमक/** काठमाडौका विभिन्न सुकुमबासी बस्ति डोजर लगाएर खालि गरिए पछि दमकका सुकुमबासी बस्तिमा त्रास फैलिएको छ ।

सार्वजनिक जमिनमा रहेका अव्यवस्थित बस्ती हटाउने सरकारी अभियान सुरू भएसँगै झापाको दमक क्षेत्रमा बसोबास गर्दै आएका भूमिहीन तथा सुकुमबासीहरू त्रसित भएका हुन् । वर्षौंदेखि एउटै स्थानमा बसोबास गर्दै आएका परिवारहरु अचानक विस्थापित हुनुपर्ने सम्भावनाले उनीहरु मानसिक तनावमा परेका छन् । दमकका विभिन्न सुकुमबासी बस्तीमा पछिल्लो समय डोजर चल्ने हल्ला तीव्र भएपछि स्थानीयवासीहरु चिन्तित बनेका हुन उनीहरूका अनुसार कुनै स्पष्ट वैकल्पिक व्यवस्था नगरी बस्ती हटाउने तयारी गरिएको खबरले दैनिक जीवनमै असर पार्न थालेको छ । वर्षौंदेखि दुःख गरेर बनाएको छाप्रो र टहरो भत्काइदिएपछि कहाँ जाने ? भनेर उनीहरू आँफैलाई प्रश्न गरि रहेका छन् ।

दमक-७ की बसन्ती मल्लिकले भनिन् 'आफ्नै मेहनतले काँसघारी फाँडेर सानो छाप्रो बनायौं । अहिले त्यही ठाउँबाट पनि हट्नुपरूऱ्यो भने हामी कहाँ जाने भन्ने कुनै उपाय छैन ।' यस भन्दा अघि पनि सो बस्ति हटाउने हल्ला सुन्दा आत्तेस हुने गरेको उनले बताईन् । धेरैजसो परिवार दैनिक मजदुरी गरेर जीविकोपार्जन गर्ने भएकाले बसोबास भई रहेको ठाउँबाट विस्थापन हुँदा रोजगारी, बालबालिकाको पढाइ र आधारभूत जीवनयापनमै संकट पर्ने उनको चिन्ता छ ।

सोहि बस्तिकी मालती मल्लिक पनि बसेको ठाउँबाट उठ्नु पऱ्यो भने कहाँ जाने, के गर्ने केहि भन्न नसक्ने बताउँछिन् । सरसफाइ मजदुरी गर्दै आएकी उनी भन्छिन्, 'बसिरहेको ठाउँबाट सरकारले खेदाउने भयो भन्ने सुनिंदा सबैभन्दा बढी चिन्ता बुढाबुढी, साना केटाकेटी र बिरामीहरूको हेर्दा लाग्छ । उनीहरूलाई कहाँ लगेर राख्ने, कसरी हेरचाह गर्ने भन्ने केही थाहा छैन ।' दैनिक ज्यालादारी गरेर गुजारा चलाउने परिवार अचानक हटाउँदा काम, उपचार र बालबालिकाको भविष्यसमेत अनिश्चित हुने उनी बताउँछिन् । 'दिनभरि काम गरेर बेलुका छाप्रोमा फर्किने गरेका छौं, यदि त्यो पनि खोसियो भने हामी कहाँ जाने ?' उनले चिन्ता व्यक्त गरिन् ।

मालती जस्तै धेरै परिवार अहिले सम्भावित हटाइको डरले मानसिक तनावमा छन् । वैकल्पिक बसोबासको कुनै स्पष्ट योजना नहुँदा उनीहरूको पीडा झन् बढेको छ । स्थानीयवासीहरूले बस्ती हटाउनु अघि उचित पुनर्स्थापना, सुरक्षित आवास र आधारभूत सुविधा सुनिश्चित गर्न सरकारसँग माग गरेका छन् ।

**त्रास जतिनै मौनता**

दमकका भुमिहिन बस्तिमा त्रास मात्र फैलिएको छैन । उनीहरूमा मौनता पनि छाएको छ । दमक वडा नं. १ र ७ का अव्यवस्थित बसोबासी तथा भुमिहिनहरूको बस्तिमा पुग्दा उनीहरू धेरै जसो बोल्न पनि चाहेनन् ।

लाईनै रहेका छाप्राहरूको बस्ति । केहि बालबालिका सडकमानै खेलि रहेका, केहि ज्येष्ठ नागरिक झुरूप्प बसेर गन्थन गरि रहेका । तर नयाँ मान्छे पुग्न साथ उनीहरूले शंका

बाँकी ४ पेजमा ▸▸

## राष्ट्रपतिबाट दुई अध्यादेश जारी

**काठमाडौं/**राष्ट्रपति पौडेलले नेपालको संविधानको धारा ११४ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा 'सहकारी (पहिलो संशोधन) अध्यादेश, २०८३' र 'सार्वजनिक खरिद (दोस्रो संशोधन) अध्यादेश, २०८३' जारी गरेका हुन् । राष्ट्रपति कार्यालयमा अझै ४ वटा अध्यादेश विचाराधीन छन् ।

## बुद्धजयन्तीमा प्रधानमन्त्रीको सन्देश

**दमक/** प्रधानमन्त्री वालेन्द्र शाह (बालेन)ले शान्तिका अग्रदूत गौतम बुद्धको जन्मजयन्तीको अवसरमा सम्पूर्ण नेपालीमा प्रज्ञामय शुभकामना व्यक्त गर्दै विश्वशान्तिको कामना गरेका छन् ।

बुद्ध जयन्तीका अवसरमा सामाजिक सञ्जाल फेसबुकमार्फत् सन्देश जारी गर्दै प्रधानमन्त्री शाहले बुद्धले देखाएको मार्ग दुःख निवारणको मार्ग भएको बताएका छन् । उनले बुद्धका चार आर्य सत्यलाई स्मरण गर्दै मानव जीवनको सार नै समस्याको पहिचान र समाधानको खोजमा निहित रहेको उल्लेख गरे ।

'बुद्धले भन्नुभयो- दुःख छ, दुःखको कारण छ, दुःखको निवारण छ र दुःख निवारण गर्ने मार्ग छ,' प्रधानमन्त्री शाहले लेखेका छन्, 'हाम्रो यात्रा त्यस्तै ज्ञानको उज्यालोको खोजमा र समस्या निवारणको मार्गमा हुनुपर्छ ।'

## शुक्रबार ओपिडी सञ्चालन गर्न निर्देशन

**दमक/**स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालयले शुक्रबार देशभरका सबै सरकारी अस्पतालमा बहिरङ्ग (ओपिडी) सेवा सञ्चालन गर्न निर्देशन दिएको छ । वैशाख १८, १९ र २० गते लगातार तीन दिन सार्वजनिक बिदा परेका कारण सरकारी अस्पतालमा ओपिडी सेवा प्रभावित हुने र सेवाग्राहीलाई असुविधा हुनसक्ने अवस्था रहेकाले उक्त निर्देशन दिइएको मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले जानकारी दिए ।

## छलफल गरेर अध्यादेश ल्याउन सुझाव

**दमक/**संविधानविद्हरूले प्रधानमन्त्री बालेन तथा संसद्मा प्रतिनिधित्व गर्ने दलसँग छलफल गरेर अध्यादेश सम्बन्धमा निर्णय लिन राष्ट्रपतिलाई सुझाव दिएका छन् ।

संविधानको सीमाभित्र रहेर उपयुक्त निर्णय लिन उनीहरूले राष्ट्रपति रामचन्द्र पौडेललाई सुझाव दिएका हुन् । संसद्को अधिवेशन स्थगित गरेर सरकारले भटाभट अध्यादेश सिफारिस गरेपछि राष्ट्रपति पौडेलले बिहीबार संविधानविद्हरूसँग परामर्श गरेका थिए ।

## हुलाकबाटै राहदानी

**दमक/** उदयपुरका नागरिकले राहदानी लिन जिल्ला प्रशासन कार्यालय धाउनुपर्ने बाध्यता हटेको छ । नेपाल सरकारको शासकीय सुधार अन्तर्गत सुरु गरिएको नयाँ व्यवस्थाअनुसार हुलाक सेवामार्फत घरमै राहदानी पुऱ्याउने सेवा उदयपुरमा औपचारिक रूपमा सञ्चालनमा आएको जिल्ला प्रशासन कार्यालय उदयपुरले जनाएको छ । नेपाल सरकार मन्त्रिपरिषद्को गत चैत १३ गतेको निर्णयअनुसार सरकारी सेवा घरदैलोमै पुऱ्याउने उद्देश्यले हुलाक सेवालाई 'गभर्नमेन्ट कुरियर सर्भिस' का रूपमा विकास गर्ने योजना अघि बढाइएको थियो ।

## भारतले लिपुलेकबाट कैलाश मानसरोवर यात्रा खुलायो

**काठमाडौं/** भारतले नेपालको भूमि लिपुलेक पास हुँदै कैलाश मानसरोवर यात्रा खुल्ला गरेको छ । भारतले चीन सरकारसँगको सहकार्यमा नेपाली भूमि लिपुलेक हुँदै यात्राको औपचारिक घोषणा गरेको हो । भारत सरकारले आयोजना गर्ने कैलाश मानसरोवर यात्रा २०२६ जुनदेखि अगस्टसम्म सञ्चालन हुने छ ।

भारतीय विदेश मन्त्रालयले विज्ञप्ति जारी गरेर यस वर्ष यात्राका लागि कुल २० समूह हुने जानकारी दिएको छ । तीमध्ये १० समूह उत्तराखण्ड हुँदै लिपुलेख पासबाट र अन्य १० समूह सिक्किम हुँदै नाथु ला पासबाट यात्रा गर्नेछन् । प्रत्येक समूहमा ५० जना यात्रु रहने छन् । यात्रामा सहभागी हुन इच्छुकहरूले आधिकारिक वेबसाइट मार्फत अनलाइन आवेदन दिन सक्ने जनाइएको छ । आवेदन दिने अन्तिम मिति मे १९ तोकिएको छ । धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण मानिने कैलाश मानसरोवर यात्रा हरेक वर्ष हजारौं श्रद्धालुहरूको आकर्षणको केन्द्र बन्ने गरेको छ । यस्तो यात्राको रूट नेपालको भूमिमा पर्दा नेपाललाई जानकारी छैन । लिपुलेक पासबाट व्यापार अघि बढाउन भारत र चीनले यसअघि सहमति गरिसकेका छन् । यो सहमतिमा पनि नेपाल बेखबर छ । नेपालले कालापानी, लिपुलेक लिम्पियाधुरालाई आˆनो भूमि भएको पनि भारतले मिचिरहेको भन्दै आपत्ति जनाइरहेको छ ।

## जग्गा रोक्का, फुकुवा अब बैंकबाटै हुने

**दमक/** सरकारले जग्गा सम्बन्धी सेवा प्रवाहलाई सहज र पारदर्शी बनाउन धितो बन्धकी तथा रोक्का-फुकुवा प्रक्रियालाई अनलाइन प्रणालीमार्फत सञ्चालन गर्ने व्यवस्था सुरू गरेको छ। भूमि व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालयले शासकीय सुधार कार्यक्रम अन्तर्गत नतिजामुखी व्यवस्थापन लागू गर्ने क्रममा यो नयाँ प्रणाली अघि सारेको हो। यससँगै भूमि व्यवस्था तथा अभिलेख विभागले बैंक तथा वित्तीय संस्थाबाट हुने धितो सम्बन्धी काम अनिवार्य रूपमा अनलाइन गर्न निर्देशन जारी गरेको छ ।

नयाँ प्रणाली पूर्ण रूपमा लागू भएपछि सेवाग्राहीहरूले ऋण लिन वा ऋण चुक्ता गरेपछि जग्गा रोक्का वा फुकुवा गर्न मालपोत कार्यालय धाउनुपर्ने बाध्यता हट्ने अपेक्षा गरिएको छ। साथै, बिचौलियामार्फत सेवा लिनुपर्ने र अतिरिक्त रकम खर्च गर्नुपर्ने अवस्थाको अन्त्य हुने विश्वास गरिएको छ। यसले सेवा प्रक्रियालाई छिटो, सरल र पारदर्शी बनाउने लक्ष्य राखिएको छ ।

## त्रिवि पदाधिकारीद्वारा राजीनामा

त्रिभुवन विश्वविद्यालयका पदाधिकारीले राजीनामा दिएका छन् । बालेन्द्र शाह नेतृत्वको सरकारले राजनीतिक नियुक्ति लिएकाहरूलाई पदमुक्त गर्नेगरी अध्यादेश अघि बढाएपछि त्रिविका पदाधिकारीले बिहीबार राजीनामा दिएका हुन् ।

## २ सातामा ६७४ विपद्का घटनामा ३६ को मृत्यु

**दमक/** चालु वर्ष २०८३ को वैशाख १ गतेदेखि १८ गतेसम्म देशभर ६७४ वटा विपद्का घटना भएका छन् । ती घटनामा ३६ जनाको मृत्यु भएको छ भने १६५ जना घाइते भएका छन् । ४३६ परिवार प्रभावित भएका छन् । राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले सार्वजनिक गरेको तथ्यांकअनुसार सबैभन्दा धेरै वन डढेलोका १९९ र आगलागीका १७० घटना भएका छन् । आगलागीमा परी ९ जनाको मृत्यु, ५६ जना घाइते र १०३ परिवार प्रभावित भएका छन् । वन डढेलोमा १ जनाको मृत्यु, २ जना घाइते र २२ परिवार प्रभावित भएका छन् ।

## ११ सय बढीको लाभको पद जाँदै

**दमक/**राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) नेतृत्वको सरकारले दुईतिहाइ नजिकको जनमतपछि राजनीतिक नियुक्ति खारेज गर्ने महत्वाकांक्षी कदम अघि बढाएको छ । सरकारले सार्वजनिक निकायमा भएका राजनीतिक नियुक्तिहरु हटाएर खुला प्रतिस्पर्धामार्फत पुनः पदपूर्ति गर्ने योजना अघि सारेको हो । यसका लागि 'सार्वजनिक पदाधिकारीको पदमुक्ति सम्बन्धी विशेष व्यवस्था' गर्ने अध्यादेश राष्ट्रपतिसमक्ष सिफारिस भइसकेको छ । रास्वपाका अनुसार पहुँच र राजनीतिक प्रभावका आधारमा नियुक्त गरिएका पदाधिकारीलाई हटाई प्रणाली

बाँकी ४ पेजमा ▸▸

### १३७ औं मजदुर दिवसमा

## श्रम मन्त्री यादवका तीन घोषणा

**दमक/** १३७औं अन्तर्राष्ट्रिय श्रमिक दिवस (मे दिवस) को अवसरमा श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रीले भिडियो सन्देश जारी गर्दै श्रमिकको सुरक्षा, सामाजिक सुरक्षा र सेवा विस्तारसम्बन्धी तीन प्रमुख घोषणा गरेका छन् । पहिलो घोषणाअनुसार पाँच वर्षे राष्ट्रिय व्यवसायजन्य सुरक्षा तथा स्वास्थ्य कार्यक्रम सुरू गरिएको छ, जसले प्रत्येक श्रमिकको सुरक्षित कार्य वातावरण सुनिश्चित गर्ने लक्ष्य राखेको छ ।

दोस्रो घोषणामा विदेशमा रहेका नेपाली श्रमिकसँग प्रत्यक्ष संवाद र समस्या समाधानका लागि नेपाली दूतावासमा रहेका श्रम सहचारीमार्फत हप्तामा एक पटक फेसबुक लाइभ कार्यक्रम सञ्चालन गरिने व्यवस्था गरिएको छ । तेस्रो घोषणाअनुसार योगदानमा आधारित सामाजिक सुरक्षा कोषमा आवद्ध श्रमिकलाई घडेरी खरिदका लागि ६ प्रतिशत ब्याजदरमा कर्जा उपलब्ध गराइनेछ भने आवश्यकताअनुसार १ करोड ५० लाख रूपैयाँसम्म सापटी लिन सकिने व्यवस्था मिलाइएको छ ।

## ट्राफिकले सवारीको चावी नियन्त्रणमा लिनु गैरकानुनी

दमक । सर्वोच्च अदालतले ट्राफिक नियम उल्लंघन गरेको आधारमा मात्रै चालकको लाइसेन्स ब्लुबुक र सवारीको साँचो नियन्त्रणमा लिनु गैरकानुनी हुने ठहर गरेको छ ।


न्यायाधीशद्वय अब्दुल अजीज मुसलमान र श्रीकान्त पौडेलको संयुक्त इजलासले ट्राफिक प्रहरीको यस्तो कार्य अधिकार क्षेत्रको दुरूपयोग भएको भन्दै अबदेखि कागजात नियन्त्रणमा नलिन सरकारका नाममा निर्देशनात्मक आदेश जारी गरेको हो ।

## उभौली पर्वसँगै लेकतिर फर्किंदै गोरखाका भैँडागोठ

**काठमाडौं/** उँभौली पर्व सुरू भएसँगै गोरखाको चुमनुब्री गाउँपालिका–३ पाङसिङका गोठालाहरू हजारौं भैँडाबाख्रा लिएर लेकतर्फ उक्लिन थालेका छन्। हिउँदमा बेशी झरेका गोठाला अब गर्मी मौसम सुरू भएसँगै फेरि लेकतर्फ फर्किएका हुन् ।

स्थानीयका अनुसार दैनिक तीन–चार सय भैँडाबाख्रा लेकतर्फ लैजाने क्रम जारी छ। पाङसिङ क्षेत्र गोरखाको सबैभन्दा बढी भैँडापालन हुने गाउँ मानिन्छ। हिउँदमा खोर्ला, सिङ्ला, लमजुङ हुँदै धादिङसम्म झारिएका भैँडाबाख्रा अब चरणबद्ध रूपमा उकालो लगिँदैछ ।

गोठालाहरूले मौसमअनुसार हावापानीसँग घुलमिल गराउँदै बिस्तारै गोठ सार्ने परम्परा पालना गर्ने गर्छन्। उँभौली र उँधौलीको अवसरमा साइत हेरेर गोठ सार्ने र पूजा–पाठ गर्ने परम्परा अझै



जीवित रहेको स्थानीयले बताएका छन् । चुमनुब्री–३ मा करिब ७० घरधुरीले भैँडापालन गर्दै आएका छन्। गाउँपालिकाले गोठालालाई प्रोत्साहन स्वरूप बाटो मर्मत, खानेपानी, सोलार बत्ती, त्रिपाल र घुम्ती गोठ सामग्री वितरण गर्दै आएको छ । यद्यपि पालिकाको सहयोगका बाबजुद भैँडापालन गर्ने किसानको संख्या भने बर्सेनि घट्दै गएको स्थानीयले बताएका छन् ।

**आईसीयूका लागि नर्स आवश्यकता**

दमक हस्पिटल एण्ड रिसर्च सेन्टर प्रा.लि., दमक ८ लाई **आईसीयू सेवा**का लागि **५ जना नर्सिङ् स्टाफ** आवश्यक रहेकाले योग्यता पुगेका ईच्छुक व्यक्तिहरुलाई योग्यताको प्रमाण पत्रको प्रतिलिपिसहित आवेदन दिनु हुन जानकारी गराईन्छ ।

- **योग्यता** : बीएन उत्तिर्ण गरि १ वर्षको अनुभव
- **आवेदन दिने अन्तिम मिति** : २०८३/१/२२ गते
- **सम्पर्क नं** : ०२३–५७१९७१
- **मो.** : ९८२५९८०००८/९८०७९४३२०२

संस्मरण

# कामसूत्रका पहिलो स्रष्टा होइनन् वात्स्यायन



डा. तुलसी भट्टराई

क्रमागत :

वात्स्यायनको कामसूत्रले 'काम' को प्रयोग, सीमा र सरल र सहज विधिहरू, स्त्री–पुरूष दुवैलाई आनन्द मिल्ने आसनहरूबारे वर्णन गरेको छ । साथै अर्को कुरा पनि छ । "काम' को प्रयोग त प्रकृतिले नै दिएको हो । यो सिद्धान्त हुनुपर्ने होइन । किनभने कृषकले आफ्नो खेतीको बालीनाली जंगली जनावरबाट नष्ट पारिन्छ भनेर खेती लगाउन छोड्दैन । मानिसले काम प्रयोगले रोगव्याधी लाग्छ, शिरमा हानि पुग्छ भनेर प्रयोग छोड्दैन तर यही कुरामा केही सहज, सरल र सुखदायी प्रयोगबारे जानकारी भयो भने कुनै विघ्नवाधा आइपर्दैन भनेर मानिसकै कल्याणका लागि यो कामसूत्र रचिएको हो भनेर ठोकुवा गरेका छन् ।

स्त्री–पुरूषको काम–रतिसुखलाई वात्स्यायनले मानवजीवनको एउटा साधनको रूपमा मानेका छन् । उनले वैवाहिक जीवनलाई सन्तानोत्पतिसँगै सुखी र स्वस्थ एवं मनको समेत शुद्धता र स्वस्थतामा ध्यान दिएका छन् । तर पश्चिमी कामशास्त्रीहरूले मानव जीवनको एउटा प्रमुख साध्यका रूपमा कामसुखलाई मानेका छन् । शरीरको सुख मात्र हेरेका छन् । तर वात्स्यायनले यसलाई तत्वज्ञानका दृष्टिले अध्यात्मसम्म जोड्ने साधन मानेका छन् ।

वात्स्यायनले वैवाहिक जीवनलाई मर्यादित र व्यवस्थित बनाउने साधनका रूपमा कामलाई मानेका छन् । विवाहपछिको जीवनमा कामसुख मिलेन भने जीवन निरस र निरर्थक बन्दछ । आधुनिक शरीरशास्त्रका दृष्टिमा यो कुरा उचित देखिन्छ । पाश्चात्य जगत्मा कामशास्त्रको चर्चा दुई सय वर्षयता मात्र हुन थालेको छ भने पूर्वीय जगत्मा दुई हजार वर्षअघिबाटै काम चर्चा व्याख्या भएको छ । वात्स्यायनले महत्वपूर्ण ग्रन्थ– 'कामसूत्र' रचेर एउटा ठूलो क्रान्तिदर्शी पाइला चालेका हुन् । आज एक्काइसौं शताब्दीमा त "काम' शास्त्रबारे खुलेर चर्चा गर्ने परिस्थिति विकसित भएको छैन भने दुई हजार वर्षअघि नै यस्तो अद्भुत र विचित्रको ग्रन्थ कामसूत्र उनले कसरी लेख्न सके ? यो बडो अनौठो र आश्चर्यजनक कुरा हो ।

यस कामसूत्रको पहिलो अध्यायमा धर्म, अर्थ र काम तीनवटै पुरूषार्थलाई नमस्कार गरिएको छ । यी तत्वबारे ज्ञान गराउने गुरूहरूलाई नमस्कार गरिएको छ । संसारको सृष्टिसँगै मानव सृष्टिपछि यस सृष्टिलाई राम्ररी संचालन गर्न प्रजापति अर्थात्– संसारका रचयिताले नै एक लाख अध्याय भएका महाग्रन्थहरू समेत रचेका थिए । तीमध्ये धर्म सम्बन्धी विषयहरूलाई स्वयम्भु मनुले छुट्याएर अर्को ग्रन्थ 'मनुस्मृति' बनाए । त्यसपछि बृहस्पतिले अर्थशास्त्र सम्बन्धी अध्याय छुट्याएर 'अर्थशास्त्र' को ग्रन्थ रचे । त्यही परम्परा कौटिल्यको अर्थशास्त्रसम्म आइपुग्यो ।

शिवजीका नन्दी नाम गरेका गण–सेवकले कामसूत्र छुट्याएर एक हजार अध्यायभित्र निर्माण गरेका थिए । फेरि श्वेतकेतु भन्ने आचार्यले त्यस एक हजार अध्यायलाई छोट्याएर पाँच सय अध्यायको कामसूत्र तयार पारे । बभ्रु भन्ने अर्का विद्वान्ले त्यस ग्रन्थलाई १५० अध्यायमा सीमित पारे । फेरि बभ्रुका पुत्र वाभ्रव्यले त्यसको पनि संक्षेप गरेर कामसूत्र सार बनाए । तर पछि यो पनि जनसाधारणमा प्राप्त हुन सकेन । त्यसपछि मात्र सबैले बुझ्ने र जान्ने गरी अति संक्षेपमा वात्स्यायनले कामसूत्र बनाएको कुरा वर्णन गरिएको छ । क्रमशः

# निजामती सेवा विधेयकमा मागिएको सल्लाह



शम्भु कोइराला

निजामती सेवा विधेयक, जसको उद्देश्य संघीय निजामती सेवाको गठन, सञ्चालन र सेवाका शर्तहरूलाई व्यवस्थित गर्नु हो, हाल सार्वजनिक सुझाव संकलनका लागि खुला गरिएको छ। कानुन निर्माण प्रक्रियाको महत्वपूर्ण चरणका रूपमा यो विधेयक सार्वजनिक भएको हो। यसले नेपालको प्रशासनिक संरचना, कर्मचारी व्यवस्थापन र सेवा प्रवाहलाई दीर्घकालीन रूपमा प्रभावित गर्ने भएकाले यसको हरेक प्रावधानमाथि गम्भीर छलफल आवश्यक देखिन्छ ।

विधेयकको प्रस्तावनामा निजामती सेवालाई "राष्ट्रहित र संघीय लोकतान्त्रिक गणतन्त्रप्रति प्रतिबद्ध, राजनीतिक रूपमा तटस्थ, पेशागत रूपमा सक्षम, पारदर्शी, जनउत्तरदायी, समावेशी, परिणाममुखी र प्रविधिमैत्री" बनाउने लक्ष्य राखिएको छ। यी आदर्श वाक्यहरू आफैँमा सकारात्मक देखिए पनि तिनको कार्यान्वयन कसरी हुन्छ भन्ने प्रश्न अझ महत्वपूर्ण छ ।

यसअघि संसद्मा पेश गरिएको विधेयकमा कुलिङ पिरियडसम्बन्धी विवादले ठूलो राजनीतिक र प्रशासनिक बहस सिर्जना गरेको थियो । त्यस घटनाले स्वार्थ समूहको प्रभाव, प्रशासनिक प्रक्रियामा चलखेल र कानुन निर्माणमा देखिने दबाब स्पष्ट पारेको थियो। त्यस सन्दर्भमा अहिलेको विधेयक अपेक्षाकृत सावधानीपूर्वक अघि बढेको भए पनि केही प्रावधानहरू फेरि विवादको केन्द्र बन्न सक्ने संकेत देखिन्छ ।

**छड्के नियुक्ति र योग्यता प्रणालीमा असर**

सबैभन्दा बढी आलोचना गरिएको विषय विशिष्ट श्रेणीमा सरकारले छड्के नियुक्ति गर्ने व्यवस्था हो। योग्यता प्रणाली (merit system) नेपालको निजामती सेवाको आधारभूत सिद्धान्त हो । लोकसेवा आयोगमार्फत छनोट हुने प्रणालीले निष्पक्षता र दक्षता सुनिश्चित गरेको मानिन्छ। तर छड्के नियुक्तिले सो प्रणालीलाई कमजोर पार्ने आशंका गरिएको छ ।

विश्लेषकहरूको भनाइमा, यदि राजनीतिक नेतृत्वको सिफारिस वा तजबिजमा उच्च पदमा सीधै नियुक्ति गर्ने व्यवस्था लागू भयो भने, लोकसेवाबाट आएका कर्मचारीहरूको मनोबल घट्नेछ । यसले दीर्घकालीन रूपमा प्रशासनिक दक्षता र स्थायित्वमा असर पार्न सक्छ। तुलना स्वरूप कहिलेकाहीँ फ्रान्स वा अन्य देशको अभ्यास देखाइए पनि नेपालको राजनीतिक, सामाजिक र प्रशासनिक सन्दर्भमा त्यस्तो प्रणाली प्रत्युत्पादक हुन सक्ने तर्क बलियो रूपमा उठाइएको छ ।

**राजनीतिक आस्था र कर्मचारी व्यवस्थापन**

अर्को विवादित विषय कर्मचारीको राजनीतिक गतिविधि वा संलग्नताका आधारमा भविष्यमा अयोग्य ठहरिने व्यवस्था हो । सिद्धान्ततः निजामती सेवा राजनीतिक रूपमा तटस्थ हुनुपर्छ। तर व्यवहारमा "राजनीति" को परिभाषा अत्यन्त संवेदनशील र अस्पष्ट हुने भएकाले यसको दुरूपयोग हुन सक्ने जोखिम छ ।

सामाजिक सञ्जालको युगमा कुनै स्टाटस, विचार वा व्यक्तिगत अभिव्यक्तिलाई समेत राजनीतिक गतिविधि भनेर व्याख्या गर्न सकिने सम्भावना रहन्छ । त्यसले कर्मचारीमाथि अनावश्यक डर र आत्मसंयम (self–censorship) सिर्जना गर्न सक्छ। विश्लेषकहरूको मतमा, कर्मचारीको विचारभन्दा उसको कार्यसम्पादन र नतिजालाई मूल्यांकनको आधार बनाइनु उचित हुन्छ । इतिहासतर्फ हेर्दा पञ्चायती शासनकालमा समेत लोकसेवा आयोग तुलनात्मक रूपमा स्वतन्त्र रहेको उदाहरण दिइन्छ । त्यसैले लोकतान्त्रिक व्यवस्थामा झन् स्वतन्त्र र निष्पक्ष प्रणाली आवश्यक पर्ने तर्क बलियो छ ।

**सचिवको कार्यकाल र प्रशासनिक स्थिरता**

विधेयकमा सचिवको कार्यकाल दुई वर्ष तोक्ने र थप एक वर्ष सरकारको तजबिजमा विस्तार गर्न सकिने व्यवस्था पनि आलोचनाको विषय बनेको छ । यस्तो छोटो कार्यकालले दीर्घकालीन नीति कार्यान्वयनमा बाधा पुर्‍याउने सम्भावना छ । कर्मचारीलाई नियुक्ति भएको दिनदेखि नै अवकाश योजना सोच्नुपर्ने मानसिक दबाब सिर्जना हुन सक्ने भन्दै यो व्यवस्था अस्थिरताको स्रोत बन्न सक्ने टिप्पणी गरिएको छ । साथै, एक वर्ष थप्ने अधिकार राजनीतिक नेतृत्वको हातमा रहने हुँदा यसले कर्मचारीलाई राजनीतिक दबाबमा राख्न सक्ने जोखिम पनि औंल्याइएको छ ।

**कर्मचारी-राजनीति सम्बन्ध**

विधेयकले कर्मचारी राजनीतिक नेतृत्वलाई पर्याप्त टेर्दैनन् भन्ने धारणाबाट प्रेरित भएर केही कठोर प्रावधान ल्याएको देखिन्छ । तर प्रशासन विज्ञहरूको भनाइमा, कर्मचारी केवल आदेश पालना गर्ने मात्र होइन, नीति निर्माणमा सहयोग गर्ने महत्वपूर्ण सल्लाहकार पनि हुन् ।

राजनीति र प्रशासनबीच विश्वास र सहकार्य भए मात्र प्रभावकारी शासन सम्भव हुन्छ। यदि प्रशासनलाई केवल नियन्त्रण र भयको संरचनामा राखियो भने नीति कार्यान्वयन कमजोर हुन सक्छ ।

**योग्यता प्रणाली, बढुवा र अंक प्रणाली**

विधेयकमा उत्तीर्णांक नपुगे पनि बढी अंक ल्याउनेलाई सिफारिश गर्ने जस्ता प्रावधानले योग्यता प्रणालीलाई कमजोर बनाउन सक्ने आशंका गरिएको छ। यसले पारदर्शिता र निष्पक्षतामा प्रश्न उठाउन सक्छ । त्यस्तै, कार्यसम्पादन मूल्यांकन, सरुवा प्रणाली, त्रैमासिक समीक्षा जस्ता प्रावधान सकारात्मक भए पनि व्यवहारिक कार्यान्वयन कस्तो हुन्छ भन्ने प्रश्न महत्वपूर्ण छ ।

**ट्रेड युनियनको भविष्य**

विधेयकमा कर्मचारीले व्यक्तिगत रूपमा गुनासो गर्नुपर्ने र संगठनात्मक रूपमा युनियन नरहने संकेत गरिएको छ। नेपालमा ट्रेड युनियनहरूको इतिहास विवादास्पद रहे पनि उनीहरूको पूर्ण निषेध समाधान नभएको तर्क पनि छ ।

विगतमा केही युनियनहरू राजनीतिक प्रभावमा परेर आलोचित भए पनि श्रमिक अधिकार संरक्षणमा उनीहरूको भूमिका पूर्ण रूपमा नकार्न सकिँदैन। नेपाल अन्तर्राष्ट्रिय श्रम संगठन (ILO) को सदस्य भएकाले पूर्ण निषेध गर्दा अन्तर्राष्ट्रिय दायित्वसँग समेत द्वन्द्व आउन सक्ने देखिन्छ । त्यसैले "एक आधिकारिक ट्रेड युनियन" वा नियन्त्रित संरचना बनाउन सकिने सुझाव पनि दिइएको छ ।

**सेवा संरचना र वर्गीकरण**

विधेयकमा तहगत वर्गीकरण (क, ख, ग, घ) र पद संरचना निर्धारण गरिएको छ। यसले सरूवा र बढुवालाई अनुमानयोग्य बनाउन मद्दत गर्न सक्छ। तर धेरै तह र जटिल संरचनाले कर्मचारीमा निराशा पनि पैदा गर्न सक्ने सम्भावना छ ।

**अवकाश उमेर र सेवा प्रवेश**

अवकाश उमेर ६० वर्ष कायम गर्ने व्यवस्था सकारात्मक मानिएको छ। बढ्दो औसत आयु र अनुभवी जनशक्ति उपयोगका दृष्टिले यो उपयुक्त देखिन्छ। तर सेवा प्रवेश उमेर पुरूषका लागि ३२ र महिलाका लागि ३५ वर्ष तोकिएको विषयमा मिश्रित प्रतिक्रिया आएको छ । तत्काल लागू गर्नुको सट्टा संक्रमणकालीन अवधि राख्नुपर्ने सुझाव पनि दिइएको छ, ताकि तयारी गरिरहेका युवालाई असर नपरोस् ।

**प्रशासन सुधार र समन्वय**

निजामती बोर्ड गठन, कार्यसम्पादन सम्झौता, सरूवा पारदर्शिता, वर्गीकृत क्षेत्र व्यवस्था जस्ता प्रावधानलाई सकारात्मक सुधारका रूपमा लिइएको छ। यसले प्रशासनिक पारदर्शिता बढाउने अपेक्षा गरिएको छ । तर संस्थागत स्मृति कमजोर रहेको र अभिलेख व्यवस्थापनमा समस्या देखिएकाले कानुनी रूपमा अभिलेख संरक्षणलाई बलियो बनाउनुपर्ने आवश्यकता औंल्याइएको छ ।

**निष्कर्ष**

समग्रमा, निजामती सेवा विधेयकले नेपालको प्रशासनिक प्रणालीलाई आधुनिक, पारदर्शी र परिणाममुखी बनाउने लक्ष्य राखेको छ। तर केही प्रावधानहरूले योग्यता प्रणाली, प्रशासनिक स्थिरता र कर्मचारीको मनोबलमा नकारात्मक प्रभाव पार्न सक्ने जोखिम पनि देखिन्छ ।

त्यसैले यो विधेयक केवल कानुनी दस्तावेज नभई दीर्घकालीन राज्य सञ्चालनको आधार भएकाले व्यापक छलफल, सुधार र सन्तुलन आवश्यक छ। राजनीति र प्रशासनबीचको विश्वास, योग्यता प्रणालीको संरक्षण र पारदर्शी कार्यान्वयन नै यसको सफलताको मूल आधार हुनेछ ।

## सीमावर्ती क्षेत्रमा सय रुपैयाँ भन्सार अव्यवहारिक



भारतसँग जोडिएका सीमावर्ती क्षेत्रमा लागू गरिएको '१०० रूपैयाँभन्दा बढीको सामानमा भन्सार' नियममाथि तीव्र विवाद चुलिएको छ । सर्लाहीको मधुवनी क्षेत्रको भ्रमणपछि आक्रोशित देखिएका थापाले यो व्यवस्था "पूर्णतः अव्यवहारिक र नागरिकविरोधी" भएको ठोकुवा गरेका छन् ।

उनका अनुसार सामान्य बिस्कुट बोकेका मजदुरसमेत घण्टौं रोकिनुपर्ने अवस्था आएको छ, जसले दैनिक ज्यालादारी गर्ने सर्वसाधारणलाई झन् पीडित बनाएको छ। "नागरिक डराएर सीमा पार गर्न बाध्य छन्," भन्दै उनले सरकारको नीतिमाथि कडा प्रश्न उठाए ।

थापाले यो नीति राजस्व उठाउने नाममा जनतालाई सास्ती दिने "हेपाहा नियम" भएको टिप्पणी गर्दै, तत्काल खारेज गर्न सरकारसँग माग गरेका छन्। साथै, सीमावर्ती क्षेत्रलाई सम्मान र सहजताका साथ हेर्नुपर्ने उनको जोड छ ।

## महेशकी पत्नी पक्राउको विरोध



**दमक/** नेकपा एमालेका सचिब तथा पूर्वमन्त्री महेश बस्नेतकी पत्नी अम्बिका बस्नेतलाई प्रहरीले पक्राउ गरेको बिरोधमा प्रदर्शन गर्ने भएका छन । शनिबार वैशाख १९ गते दिउँसो १ बजे माइतीघर मण्डलामा बिरोध प्रदर्शन गर्ने भएका हुन् । अम्बिका बस्नेत लगायत १० जना महिलाहरूको न्यायको माग सहित शनिबार दिउँसो १ बजे माइतीघर मण्डलामा धर्ना कार्यक्रम आयोजना गरिएको छ ।

अम्बिका बस्नेत सहित १० जनालाई थप पाँच दिन हि'रासतमा राख्न अदालतले अनुमति दिएको छ । जिल्ला अदालत काठमाडौंले ज्या!न मा!र्ने उद्योग सम्बन्धी कसुरमा अनुसन्धानका लागि तेस्रो पटक पाँच दिन हि'रासतमा राख्न प्रहरीलाई अनुमति दिएको हो । शोभा पाठकलाई माइतीघर मण्डलामै गएर कुटपिट गरेको आरोपमा प्रहरीले वैशाख १४ गते १० जनालाई प!क्राउ गरेको थियो । धर्नामा बसेकी पाठकलाई माइतीघरमै पुगेर उक्त समूहले हा'तपात गरेको थियो ।

## अध्यादेशको विरोधमा प्रचण्ड



**दमक/** आफैंले पटक-पटक संसद छलेर अध्यादेश ल्याएका नेपाली कम्युनिस्ट पार्टीका संयोजक पुष्पकमल दाहाल प्रचण्डले अहिले आफैं विरोध गरिरहेका छन् । उनले सदनलाई छलेर अध्यादेश ल्याउने सरकारको प्रक्रिया लोकतन्त्रको खिलाफमा रहेको बताएका छन्। तर आफैंले ल्याउँदा भने उनलाई लोकतन्त्रको चिन्ता भएन । रूकुम पश्चिमको सदरमुकाम मुसिकोटमा आयोजित पत्रकार सम्मेलनमा बोल्दै उनले सदनको अधिवेशनलाई स्थागित गरेर अध्यादेश ल्याउने विधि लोकतन्त्र, संवैधानिक मान्यता र परम्पराका विरूद्धमा भएकाले यस्तो गल्ती नगर्न सरकारलाई चतावनी दिएका छन् ।

साथै दाहालले सरकारले अहिलेको संवैधानिक व्यवस्था, परम्परा र अन्तर्राष्ट्रिय मान्यतालाई पनि मिचेर ट्रेड युनियन र विद्यार्थी आन्दोलनमाथि अंकुश लगाउने कुरा निरंकुशतातिरको यात्रा हुन सक्ने भन्दै यसलाई तत्काल रोक्न माग गरेका छन् ।

## दुई क्रसर उद्योग बन्द

**मोरङ/** मापदण्डविपरीत सञ्चालन र अनधिकृत उत्खनन गरेको भन्दै मोरङको चिसाङ खोला किनारमा सञ्चालित दुईवटा क्रसर उद्योग १३ दिनदेखि बन्द गरिएका छन् । जिल्ला प्रशासन कार्यालय मोरङको निर्देशनमा उद्योग बन्द भएपछि पूर्व–पश्चिम राजमार्ग विस्तारको कामसमेत प्रभावित भएको छ । प्रशासनले लेटाङ नगरपालिकामा कालिका कन्स्ट्रक्सनले सञ्चालन गरेको क्रसर र बेलबारी नगरपालिकाअन्तर्गत पर्ने चिसाङ खोलामै अम्बिका गुरागाईंले सञ्चालन गरेको कान्तिपुर क्रसर उद्योग बन्द गराएको हो ।

कालिका कन्स्ट्रक्सनले सडक निर्माणका लागि आवश्यक 'अस्फाल्ट' (गिटी र अलकत्राको मिश्रण) उत्पादन गर्दै आएको थियो । उक्त उद्योग कन्स्ट्रक्सनले निर्माण अवधिभर निर्माण सामग्री र अस्फाल्ट उत्पादन गर्न सम्झौता गरी करारमा लिएको बताइएको छ । उद्योग बन्द हुँदा दैनिक ५०० मिटर सडक कालोपत्र गर्ने काम ठप्प भएको उद्योगका प्रतिनिधि उज्ज्वल प्रसाईंले बताए । उनका अनुसार दैनिक ८०० घनमिटर अस्फाल्ट उत्पादन रोकिएको छ, जसको बजार मूल्य प्रतिघनमिटर करिब तीन हजार रूपियाँ पर्दछ ।

जिल्ला प्रशासन कार्यालयले दुवै उद्योगबाट बिल भर्पाइ र आर्थिक कारोबारका कागजात नियन्त्रणमा लिएको छ । विस्तृत वातावरणीय प्रभाव मूल्यांकनबिना नै उत्खनन गरेको र वास्तविक बिक्री मूल्यभन्दा आधा कम देखाएर बिल काट्ने गरेको सूचनाका आधारमा प्रशासनले छानबिन सुरू गरेको हो ।

गंगा ट्राभल्स एण्ड टुर्स
हाम्रा सेवाहरु:
➢ राष्ट्रिय तथा अन्तराष्ट्रिय सस्तोमा हवाई टिकट
➢ भारतका लागि रेल, बसको टिकट
➢ बैदेशिक रोजगारीको लागि श्रम स्वीकृति
➢ टुर प्याकेज तथा मनि ट्रान्सफर(IME)को सुविधा
Pre-Purchased fare"Ktm to Doha, Dubai, Kuwait "UAE Visit Visa available
Are you going to India ?
Special Pre Purchase fare for India
Indigo, Spice Jet, Air Asia, Vistara, Akasa air
बागडोगराबाट दिल्ली, कोलकाता, मुम्बई, अहमदाबाद,
बागडोगरा
गंगा ट्राभल्स एण्ड टुर्स
दमक–५, बेलडाँगी रोड, डिम्याक्स सिनेमा अगाडी, ओम शान्ति डेन्टल हस्पिटलसँगै फोन:०२३–५७५३११/९८४२६४५१३६/९८१४९८५७२०

अत्याधुनिक प्रविधिद्वारा उत्पादित
नयाँ झापाली इटा
बजारमा
झापाली इटा
झापाली इटा
ठूलो साइजको ईटा उपलब्ध छ ।
सम्पर्कका लागि:
भगवान बस्नेत : ९८५२६७००३१
उद्योग सम्पर्क : ९८०१४०१४४२

पानासोनिक इलेक्ट्रोनिक्स वर्ल्ड, दमक–८, झापा
विगत दुई दशक अगाडीदेखि तपाईहरुको सेवामा
समर्पित यस मर्मत केन्द्रले सबै प्रकारका LED, TV, Online UPS इनभर्टर सर्वो स्टेपलाइजर, Sound System, Speeker, ब्याट्री चार्जर, वेल्डिङ मेशिन साथै मोटर, पंखा, फ्रिज, AC वासिङ मेशिन, काँटा सुलभ दरमा ग्यारेन्टीका साथ मर्मत गरिन्छ ।
साथै यहाँ अर्डर अनुसार सबै प्रकारका UPS, इनभर्टर, स्टेपलाइजर नयाँ तयार गर्नुका साथै सबै प्रकारका रिमोट र इलेक्ट्रोनिक पार्टसहरु, सेकेण्डहेण्ड मोटर र फेन पाइन्छ ।
नोट :
१) मेडिकल हस्पिटलमा प्रयोग हुने सबै सामानहरु मर्मत गरिन्छ ।
२) यहाँ होम सर्भिसको सेवा पनि उपलब्ध छ ।
३) सबै प्रकारका सेकेण्डहेण्ड सामान पनि बिक्री गरिन्छ ।
प्रो. मनोज सिंह
९८४२६२०९३०/९८०४९३१६३९/०२३-५८३१४७

ठूलो ट्याङ्कीमा कम्प्रेसर प्रविधियुक्त
झापा सेफ्टी ट्याङ्की तथा ढल सरसफाई
दमक :
देवीप्रसाद सिटौला
(९८४२७६०२६५/९८२४९७९१८५)

बिर्तामोड:
राजकुमार श्रेष्ठ
९८०६०१०४१०

## संक्षेप

### ओलीसँग बाह्य भेटघाट बन्द



केही दिनयता ओलीको बाह्य भेटघाट बन्द गरिएको छ । श्रीमति राधीका शाक्यले अन्यसँगको भेटघाटमा रोक लगाएको पारिवारिक स्रोतले जनाएको छ । परिवारका सदस्यबाहेक पार्टीका नेता-कार्यकर्तालाई पनि भेट्न दिइएको छैन । केही दिनयता ओली गुण्डुस्थित आफ्नो निवासको भुइँतलामा समेत नओर्लिएको पार्टीका एक नेताले बताए ।

### सुकुम्बासीले नाम टिपाए

काठमाडौँ । काठमाडौँको बल्खु र वंशीघाटस्थित सुकुमबासीवस्तीबाट हटाइएकामध्ये शुक्रबार दिउँसोसम्म ५० घर परिवारले दशरथ रङ्गशालामा पुगेर नाम टिपाएका छन् । घर, जग्गा, पैतृक सम्पत्ति नभएको र न्यून आयस्रोत भएको उल्लेख गर्दै उनीहरूले विवरण टिपाएका हुन् ।

दशरथ रङ्गशालामा शहरी विकास तथा भवन निर्माण विभाग, काठमाडौँ उपत्यका विकास प्राधिकरण, अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समिति र काठमाडौँ महानगर प्रहरीको संयुक्त टोलीले उनीहरूको विवरण संकलन गरिरहेको छ । विवरण संकलनपछि स्वास्थ्य जाँच तथा मनोपरामर्श गरेर उनीहरूलाई तोकिएका 'होल्डिङ सेन्टर'मा लैजाने तयारी भइरहेको जनाइएको छ ।

### ३४ सयले बढ्यो सुन



**दमक/** नेपाली बजारमा आज सुनचाँदीको मूल्य बढेको छ । नेपाल सुनचाँदी व्यवसायी महासङ्घका अनुसार शुक्रबार सुनको मूल्य तोलाको ३४ सयले बढेर तोलाको २ लाख ९६ हजार १ सयमा कारोबार भइरहेको छ । यसअघि बिहिबार सुन तोलाको २ लाख ९२ हजार ७ सयमा कारोबार भएको थियो। यस्तै, आज चाँदीको मूल्य पनि बढेको छ । महासङ्घका अनुसार आज चाँदी तोलाको १३५ रूपैयाँले बढेर ४९४५ मा कारोबार भइरहेको छ ।

### ५० हजार धरौटीमा पौडेल रिहा

दमक । काठमाडौँ जिल्ला अदालतले युवराज पौडेल (सफल)लाई ५० हजार रूपैयाँ धरौटीमा छाड्न आदेश दिएको छ । न्यायाधीश कौशलेश्वर ज्ञवालीको इजलासले उक्त आदेश गरेको हो ।

सामाजिक सञ्जालमार्फत महान्यायाधिवक्ता र महान्यायाधिवक्ता कार्यालयको मानमर्दन हुने गरी अभिव्यक्ति दिएको आरोपमा पौडेल पक्राउ परेका थिए । धरौटी बुझाउन नसकेको खण्डमा उनलाई थुनामा पठाउन भनिएको छ । पौडेल विरूद्ध नेपाल सरकारले विद्युतीय (इलेक्ट्रोनिक) कारोबार ऐन, २०६३ को दफा ४७ बमोजिमको कसुरमा मुद्दा दायर गरेको थियो ।

# २५७० औं बुद्ध जयन्ती देशभर मनाइयो



*__दमक/__ बुद्ध जयन्तीको अवसरमा भगवान् गौतम बुद्धको २५७०औँ जन्मजयन्ती नेपालभर शुक्रबार श्रद्धा र निष्ठापूर्वक मनाइएको छ । विभिन्न धर्म र समुदायका मानिसहरूले समेत बुद्धका शान्ति, अहिंसा र मैत्रीका सन्देशलाई आत्मसात् गर्दै यस दिवसलाई विशेष रूपमा मनाएका छन् ।*

*प्रत्येक वर्ष वैशाख शुक्ल पूर्णिमाका दिन पर्ने यो पर्वले बुद्धको जन्म, ज्ञान प्राप्ति (बोधि) र महापरिनिर्वाण–तीनै महत्वपूर्ण घटनाको स्मरण गराउँछ । इसापूर्व ५६३ मा लुम्बिनी मा जन्मनुभएका बुद्धले दरबार त्याग गरी ध्यान र तपस्यामार्फत मानव जीवनलाई सत्य, शान्ति र मुक्ति प्राप्त गर्ने मार्ग देखाउनुभएको थियो । यस अवसरमा लुम्बिनी, स्वयम्भूनाथ स्तूप र बौद्धनाथ स्तूप लगायतका बौद्ध तीर्थस्थलहरूमा विशेष पूजा, प्रवचन, दीप प्रज्वलन तथा सांस्कृतिक कार्यक्रम आयोजना गरिएको छ। श्रद्धालुहरूले प्रार्थना, ध्यान र दानमार्फत आत्मशुद्धि तथा विश्व शान्तिको कामना गरेका छन् । बुद्धका उपदेश–अहिंसा, करूणा, मध्यम मार्ग र सत्यको खोज–आज पनि उत्तिकै सान्दर्भिक छन्। यही कारण बुद्ध धर्मप्रति विश्वभर आकर्षण बढ्दो छ। बुद्ध जयन्ती केवल धार्मिक उत्सव मात्र नभई मानवता, सहिष्णुता र विश्व शान्तिको सन्देश फैलाउने महत्वपूर्ण अवसरका रूपमा मनाइँदै आएको छ ।*

# अन्तर्राष्ट्रिय मजदुर दिवस विविध कार्यक्रमसहित मनाइयो



शुक्रबार १३७ औं अन्तर्राष्ट्रिय मजदुर दिवस (मे १) विश्वभर श्रमिकहरूको योगदानको सम्मान गर्दै मनाइँदैछ । यो दिन श्रमिक अधिकार, सम्मानजनक कामको अवस्था, उचित पारिश्रमिक र सामाजिक सुरक्षाका लागि गरिएको ऐतिहासिक संघर्षको स्मरणका रूपमा स्थापित भएको हो ।

नेपालमा अन्तर्राष्ट्रिय मजदुर दिवस को अवसरमा ट्रेड युनियनहरू, श्रमिक संगठन र विभिन्न पेशागत समूहहरूले हरेक वर्षझैँ यसपटक पनि विविध कार्यक्रम आयोजना गरेका छन् । विशेषगरी राजधानी काठमाडौं सहित देशका प्रमुख सहरहरूमा र्‍याली, सभा, कोणसभा र अन्तरक्रिया कार्यक्रमहरु सञ्चालन भइरहेका छन् ।

नेपालका प्रमुख ट्रेड युनियन महासंघहरु–जस्तै नेपाल ट्रेड युनियन महासंघ (GEFONT), नेपाल ट्रेड युनियन कांग्रेस (NTUC) र अखिल नेपाल ट्रेड युनियन महासंघ (ANTUF)–ले संयुक्त वा अलग-अलग रूपमा श्रमिक अधिकारका विषयमा आवाज उठाएका छन्। यी संगठनहरूले न्यूनतम ज्याला वृद्धि, सामाजिक सुरक्षा कोषको प्रभावकारी कार्यान्वयन, सुरक्षित कार्यस्थल, र असंगठित क्षेत्रका श्रमिकलाई कानुनी दायरामा ल्याउने मागलाई प्रमुख एजेन्डा बनाएका छन् ।

यस दिन विभिन्न ठाउँमा श्रमिकहरूको सहभागितामा विशाल र्‍याली निकालिन्छ, जसमा ब्यानर, प्लेकार्ड र नारामार्फत श्रमिकका हक–अधिकारबारे जनचेतना फैलाइन्छ। साथै, श्रम ऐनको कार्यान्वयन, वैदेशिक रोजगारीमा जाने श्रमिकको सुरक्षा, महिला तथा घरेलु श्रमिकको अधिकार जस्ता विषयमा छलफल कार्यक्रम पनि आयोजना गरिन्छ । सरकारका प्रतिनिधि, नियोक्ता र श्रमिकबीच त्रिपक्षीय संवादको आवश्यकता पनि जोडदार रूपमा उठाइन्छ । कतिपय स्थानमा उत्कृष्ट श्रमिकलाई सम्मान गर्ने तथा सांस्कृतिक कार्यक्रमसमेत आयोजना गरिन्छ ।

यी गतिविधिहरूले मजदुर दिवसलाई केवल औपचारिक कार्यक्रममा सीमित नराखी श्रमिकका वास्तविक समस्यामाथि ध्यान केन्द्रित गर्ने प्रयास गरेको देखिन्छ । यस दिवसको सुरूवात सन् १८८६ मा ज्बथकबचपभत बाबष्च सँग जोडिन्छ, जहाँ कामदारहरूले ८ घण्टा कामको माग गर्दै आन्दोलन गरेका थिए । त्यस आन्दोलनले विश्वभर श्रमिक अधिकारको आवाज बलियो बनायो र पछि मे १ लाई मजदुर दिवसका रूपमा मनाउन थालियो ।

तर अझै पनि धेरै श्रमिकहरु असंगठित क्षेत्रमा कार्यरत छन्, जहाँ श्रम अधिकार पूर्ण रूपमा लागू हुन सकेको छैन । वैदेशिक रोजगारीमा जाने नेपाली श्रमिकहरूले पनि विभिन्न चुनौतीहरु भोगिरहेका छन् । सो दिवस केवल उत्सव मात्र होइन, श्रमिक अधिकारको संरक्षण र सुधारका लागि प्रतिबद्धता जनाउने अवसर पनि हो । सम्मानजनक श्रम र समान अवसर सुनिश्चित गर्नु सबैको साझा जिम्मेवारी हो ।

# सुर्तीजन्य पदार्थमा कर वृद्धि गर्न विज्ञहरूको सुझाव

**दमक/** नेपाल विकास अनुसन्धान प्रतिष्ठान ( एनडीआरआई) ले आयोजना गरेको 'सुर्तीजन्य पदार्थ, मदिरा तथा चिनी मिश्रित पेय पदार्थमा कर सिफारिसका लागि नीतिगत छलफल २०८३' विषयक अन्तरक्रियामा जनस्वास्थ्य तथा कर विज्ञहरूले यस्ता वस्तुमा कर वृद्धि गर्न सरकारलाई सुझाव दिएका छन्। कार्यक्रममा विज्ञहरूले सुर्तीजन्य पदार्थ, मदिरा र गुलिया पेय पदार्थमा कर बढाए उपभोग नियन्त्रण हुनुका साथै राज्यको राजस्व पनि बढ्ने बताएका छन्। विश्व स्वास्थ्य संगठन (डब्लुएचओ)को सिफारिसअनुसार सुर्तीजन्य पदार्थमा कम्तीमा ७५ प्रतिशत कर हुनुपर्ने भए पनि नेपालमा हाल कर करिब ३५ प्रतिशत मात्र रहेको तथ्य प्रस्तुत गरिएको छ ।

एनडीआरआईका अनुसार नेपालमा सुर्तीजन्य पदार्थका कारण वार्षिक ३९ हजारभन्दा बढी मानिसको मृत्यु हुने अनुमान छ भने उपचार खर्च मात्र करिब ४५ अर्ब रूपैयाँ पुग्ने गरेको छ। विज्ञहरूले कर हरेक वर्ष कम्तीमा ३५ प्रतिशतले वृद्धि गर्न सके ठूलो मात्रामा राजस्व संकलन हुने र स्वास्थ्य जोखिम घट्ने बताएका छन् ।

त्यस्तै, चिनी मिश्रित पेय पदार्थको नियमित सेवनले मधुमेह, मुटुरोग र उच्च रक्तचापको जोखिम बढ्ने भएकाले यसलाई पनि करको दायरामा कडाइका साथ समेट्नुपर्ने सुझाव दिइएको छ ।

## पुस्तक-साभार

### राजनीतिसँगै राजकाज-कल्याणकारी लोकतन्त्रको प्रस्ताव



# राजनीतिसँग राजकाज

✍ रविन्द्र मिश्र

०७५ असार २७ गते म यो स्तम्भ लेख्दा अन्नपूर्ण पोस्ट दैनिकमा सरकार सञ्चालनसँग सम्बन्धित समाचारका शीर्षक यसप्रकार थिए-

**पृष्ठ एक** : रोकिँन टिपर दादागिरी : कानुन कडा, कार्यान्वयन फितलो
चिकित्सक आन्दोलन, नियमन नहुँदा रेस्क्यु कालोसूचीमा

**पृष्ठ दुई** :
प्रधानमन्त्री कार्यालयकै काम सुस्त, रोपे दुड्यो नलगे बिच्छा काट्न हजार

**पृष्ठ तीन** : सहमति नभए प्रक्रियाबाट विधेयक, कैँलीलाई काठमाडौं लैजाँदै
सामाजिक सुरक्षाको तीन अर्ब खातामा

माथि उल्लेख गरिएकामध्ये केही एउटा समाचार मात्र सरकार सञ्चालनभन्दा फरक विषयसँग सम्बन्धित थिए। त्यो पनि अपुष्टमा होइन। त्यो दिन या अन्य दिनका पनि पत्रपत्रिका हेर्दा भने हामीले पढ्ने प्रायः समाचार यस्तै हुन्छन्। यस्तै समाचार हामीले दसी वर्षदेखि पढ्दै आएका छौ । ती सबै समाचारले एउटा कुरा स्पष्ट पार्छ हाम्रा नेताहरूमा संसद्मा बहुमत होस् या नहोस् राज्य सञ्चालन गर्ने कदम कहिल्यै भएन । राज्य सञ्चालनको जग भइदिएको भए राजनीतिक अस्थिरता आफ्नो ठाउँमा हुँदाहुँदै पनि यस्ता समाचार हामीले पढ्नुपर्ने थिएन ।

उल्लिखित समाचार शीर्षकहरू पढ्दै गर्दा मलाई पूर्वसचिव किशोर थापा र उच्च माध्यमिक शिक्षा परिषद्का पूर्वसदस्य सचिव नारायण कोइरालासँग भएको हालैको एउटा मेटको याद आयो । भेटमा दुवै जनाले एउटा गजबको कुरा भने, 'अब हाम्रा नेताहरूलाई राजनीति होइन, राजकाज सिकाउनुपर्‍यो। उनीहरूले राजनीति चाहिनेभन्दा बढी जाने, राजकाज पटक्कै जानेनन् । मेरो मनमा तुरुन्तै प्रश्न उठ्यो, तपाईंहरू जस्तो प्रशासनको उच्च तहमा पुगेका कर्मचारीले किन केही गर्न सक्नुभएन त? कोइरालाले तुरुन्तै जवाफ दिए, हामी कति क्षमतावान थियौं या थिएनौं, थाहा छैन। तर प्रशासकहरूको दायित्व राजनीतिक नेतृत्वलाई नियमकानुनको दायराभित्र राख्न प्रयास गर्ने हो । राजनीतिक निर्देशनको पालना गर्ने हो। निर्देशन तोडेर बाहिर जाने होइन। थापाले थपे, त्यसै भएर हामी परिपूरक हुन सक्छौं, प्रधान हुन सक्दैनौं। फरक यत्ति हो कि, इमानदार प्रशासकहरूले भ्रष्टाचार गर्दैनन् । तर भ्रष्टाचारी प्रशासकहरू राजनीतिक नेतृत्वसँगै साँठगाँठ गर्छन् । कोइरालाले फेरि थपे, मैले मन्त्रीको अनुचित दबाबसामु झुक्नुभन्दा राजीनामा दिनु बेस भनेर सदस्यसचिवको पदबाट राजीनामा दिएको त्यसै होइन नि ।'

उनीहरूको विचार र टिप्पणीसँग असहमत हुने ठाउँ थिएन । तर हाम्रो संवादमा मलाई सबैभन्दा घत परेको शब्द चाहिँ राजकाज नै थियो । राजकाज भन्दा कतिपयलाई राजाले गर्ने कार्य भन्ने पनि लाग्न सक्छ। त्यो पनि गलत होइन। तर उक्त शब्दको दायरा राकिलो छ। नेपाल प्रज्ञा प्रतिष्ठानले प्रकाशन गरेको नेपाली बृहत् देशको शासन राज्यातनमा पुग्न गरिरहनहानी लख होरा भन्ने चाहनछौ । तर नेपालजीत हुने गरेको छ । त्यही दूषित राजनीतिज हुने गरेको छ । क्रमशः

## आर्थिक

# भारतीय कडाइका कारण नेपाली चिया निर्यात संकटमा



**दमक/** भारतले नयाँ नियम लागू गर्दै नेपाली चिया निर्यातमा कडाइ गरेपछि चिया उद्योग गम्भीर समस्यामा परेको छ। सन् २०२६ मे १ देखि लागू हुने व्यवस्थाअनुसार अब भारततर्फ निर्यात हुने प्रत्येक गाडीको चियाको अनिवार्य रूपमा छुट्टाछुट्टै प्रयोगशाला परीक्षण गर्नुपर्ने भएको छ। यसअघि एउटै सवारीको परीक्षणका आधारमा अन्य धेरै गाडीलाई अनुमति दिने प्रचलन थियो, जसले निर्यात प्रक्रिया सहज बनाएको थियो। तर नयाँ नियमले प्रक्रिया झन्झटिलो मात्र नभई अत्यधिक खर्चिलो पनि बनाएको छ ।

चिया उद्योगीहरूका अनुसार प्रत्येक परीक्षणका लागि करिब ११ हजार ५०० भारतीय रूपैयाँ खर्च लाग्ने र रिपोर्ट आउन १५ दिनभन्दा बढी समय लाग्नेछ। यस अवधिमा चिया सवारीमै वा गोदाममा राख्नुपर्ने हुँदा भण्डारण लागत बढ्ने र गुणस्तरमा समेत असर पर्ने जोखिम छ। परीक्षणमा समस्या आए पुनः परीक्षण गर्नुपर्ने, थप शुल्क लाग्ने र अन्ततः चिया जफतसमेत हुन सक्ने भएकाले उद्योगीहरु थप चिन्तित छन्। उनीहरूले यस अवस्थालाई अघोषित नाकाबन्दीको रूपमा लिएका छन् । नेपालबाट वार्षिक करिब १५ हजार ६ सय मेट्रिक टन चिया निर्यात हुने गरेको छ, जसको ८६ प्रतिशत भारतमै जाने गर्दछ। भारतमार्फत तेस्रो मुलुकमा पनि नेपाली चिया पुग्ने भएकाले यो कडाइले समग्र निर्यात प्रणालीमा असर पार्ने देखिएको छ। यसअघि पनि भारतले विभिन्न बहानामा नेपाली चिया रोकेको उदाहरण रहेको बताइन्छ ।

नेपालका झापा, इलाम, पाँचथर र धनकुटालगायत ३१ जिल्लामा चिया खेती हुँदै आएको छ। अर्गानिक तथा अर्थोडक्स नेपाली चिया अन्तर्राष्ट्रिय बजारमा गुणस्तरका लागि चिनिन्छ। यस क्षेत्रमा करिब ६० हजार मानिस प्रत्यक्ष रोजगारीमा आबद्ध छन् । सरकारले कूटनीतिक पहलमार्फत समस्या समाधान गर्नुपर्ने माग उठेको छ। साथै, नेपालकै प्रयोगशालाबाट गरिएको परीक्षणलाई भारतले मान्यता दिनुपर्ने आवाज पनि उठिरहेको छ ।

## दैनिक राशिफल



आज मिति
२०८३ साल
वैशाख १९ गते
शनिबार
02 May 2026
तिथि: षष्ठी



ज्यो. लक्ष्मी प्र. ढकाल
ठेगाना : क्याम्पस मोड,
सगरमाथा आयल निगम, उत्तर
सम्पर्कका लागि:
९८६७३१०८८२/९८१७००५१६५

| राशि | अक्षर | फल |
|---|---|---|
| मेष | चु चे लो ला लि लँ ले लो अ | मनमा आशान्ति, कार्यमा मेहनत सामान्य लाभ । |
| वृष | इ उ ए ओ वा वि वु वे वो | २ बजे दिन सामान्य उप्रान्त धन, बस्त्र लाभ । |
| मिथुन | का कि कु घ ङ छ के को हा | होटल व्यवसाय, कृषि कर्मबाट लाभ शिक्षामा रुची । |
| कर्कट | चु चे लो ला लि लँ ले लो अ | अध्ययनमा रुची धार्मिक कार्यमा मन लाग्ने । |
| सिंह | मा मि मु मे मो टा टि टु टे | घरायसी विवाद । धन लाभ वा कार्यमा सफलता । |
| कन्या | टो प पी पँ ष ण ठ पे पो | पराक्रम बढ्ने मध्यन्हबाट आय बढ्ने । |
| तुला | हि हु हे हो डा डि डु डे डो | बोलिको प्रभाव बढ्ने व्यवसायबाट लाभ । |
| वृश्चिक | तो ना नि नँ ने नो या यि यु | मनमा अशान्ति भएपनि आम्दानी बढ्ने । |
| धनु | य यो भा भी भ धा फा ढ भे | साथीबाट धोका सामान्य लाभ । |
| मकर | भो जा जी खि खू खे खो गा गी | मान्यजनबाट सहयोग आम्दानी बढ्ने । |
| कुम्भ | गँ गे गो सा सी सँ से सो द | व्यवसायबाट लाभ शत्रु बढ्न सक्ने । |
| मीन | दि दु थ झ ञ दे दो चा ची | धर्ममा रुची कार्यबाट लाभ । |

# पञ्चकन्या जाल्पादेवी मन्दिर ओझेलमा

**भोजपुर**/ भोजपुरको हतुवागढी गाउँपालिका-४ कटहरे लुङथुङमा अवस्थित धार्मिक तथा ऐतिहासिक महत्व बोकेको पञ्चकन्या जाल्पादेवी मन्दिर प्रचारप्रसारको अभावमा ओझेलमा परेको छ। प्राकृतिक सौन्दर्यले भरिपूर्ण डाँडाकाँडाबीच रहेको यो मन्दिर स्थानीयको गहिरो आस्था र विश्वासको केन्द्र भए पनि यसको पहिचान अझै राष्ट्रिय स्तरमा विस्तार हुन सकेको छैन ।



स्थानीयका अनुसार पञ्चकन्या जाल्पादेवीलाई अत्यन्तै शक्तिशाली देवीका रूपमा पूजा गरिन्छ। यहाँ हरेक वर्ष वैशाख पूर्णिमाको पञ्चमी र मङ्सिर पूर्णिमाको पञ्चमीमा विशेष पूजा र मेला लाग्ने गर्छ, जसमा टाढाटाढाबाट भक्तजन आउने परम्परा छ। स्थानीय जनक कार्कीका अनुसार देवीप्रति गहिरो आस्था भएकाले यहाँ वर माग्ने र नयाँ काम सुरु गर्नुअघि आशीर्वाद लिने चलन रहिआएको छ।

मन्दिर आसपासका शिलाहरूमा हलगोरु, हलो, नाग तथा विभिन्न देवी-देवताका आकृतिहरू देखिन्छन्, जसलाई स्थानीयले दिव्य चिन्हका रूपमा लिने गरेका छन् । यी आकृतिहरूले स्थानको धार्मिक तथा सांस्कृतिक महत्व अझ प्रबल बनाएको छ । प्राकृतिक रूपमा शान्त र मनोरम वातावरणमा अवस्थित यो मन्दिर धार्मिक पर्यटनको ठूलो सम्भावना बोकेको क्षेत्र मानिन्छ । तर सडक पहुँच, पूर्वाधार विकास र प्रचारप्रसारको कमीका कारण अझै ओझेलमै छ । वडाध्यक्ष चन्द्रबहादुर विष्टका अनुसार मन्दिर संरक्षणका लागि २०७६ सालदेखि बजेट विनियोजन गरी घेराबारा, सरसफाइ र सामान्य संरचना निर्माण गरिएको छ। हालसम्म करिब १० लाख रुपैयाँ खर्च भइसकेको छ ।

स्थानीयवासीले अझै प्रभावकारी पूर्वाधार विकास र प्रचारप्रसार आवश्यक रहेको भन्दै यसलाई धार्मिक पर्यटनको महत्वपूर्ण गन्तव्य बनाउन सकिने विश्वास व्यक्त गरेका छन् ।

# कांग्रेस नेता कोइराला प्रवेशस्तरीय छलफलमा

काठमाडौं । नेपाली कांग्रेसका नेता डा. शेखर कोइराला १५ महाधिवेशनमा केन्द्रीत रहेर प्रदेशस्तरीय छलफलमा जुटेका छन् । उनले बिहीबार बागमती प्रदेशस्तरीय छलफल गरेका छन् । बालुवाटारस्थित ओपेरा होटलमा बिहीबार सम्पन्न उक्त छलफलमा बागमती प्रदेशबाट प्रतिनिधित्व गर्ने कांग्रेसका केन्द्रीय पूर्वपदाधिकारी, पूर्व केन्द्रीय सदस्य, जिल्ला सभापति तथा पूर्वसभापति, सांसद तथा पूर्वसांसद, प्रदेश सांसद, बागमती प्रदेश कार्यसमितिका पदाधिकारी तथा सदस्यसहित अन्य नेताहरूको सहभागिता रहेको थियो ।




पार्टी र देशको पछिल्लो राजनीतिक परिस्थितिलाई मध्यनजर गर्दै आगामी रणनीति निर्माणका लागि सुझाव संकलन गर्ने उद्देश्यले छलफल आयोजना गरिएको हो ।

छलफलका क्रममा सहभागी नेताहरूले आगामी १५औं महाधिवेशनका लागि क्रियाशील सदस्यता नविकरण भइसकेको अवस्थामा पुनः अध्यावधिक गर्ने प्रक्रिया व्यवहारिक नभएको भन्दै त्यसप्रति आपत्ति जनाएका थिए । उनीहरूले यस विषयलाई पुनर्विचार गर्नुपर्ने धारणा राखे । त्यस्तै, विशेष महाधिवेशनका कारण पार्टीभित्र एकता कायम हुन नसकेको भन्दै असन्तुष्टि व्यक्त गरिएको थियो । नेताहरूले पार्टीलाई एकताबद्ध बनाएर अघि बढाउने जिम्मेवारी सभापतिको हुने भन्दै नेतृत्वले पहल गर्नुपर्नेमा जोड दिएका थिए ।

### *दमकका......*

मानेर निक्कै बेर हेरि रहे । बाटोको छेवैमा बसेका केहिलाई परिचय दिए पनि 'भो यस बारेमा कुरा नगरौं' भनेर मुन्टो बटारे । दमक १ को बस्तिका गणेश राई पनि धेरै बोल्ने पक्षमा थिएनन् । उनले भने, 'खै बेला बेला त भिडीयोहरू देख्दैछु, सबै तिर खेद्दै छ अरे तर मलाई भन्दा पनि अरूलाई अलिक बढि थाह छ, उतै सोध्नुन ।' आफुहरूसँग बसोबासको निस्सा रहेकाले डोजर त लाई हाल्दैन कि भन्ने पनि लागेको रहेछ उनलाई । कतै जान हतारिएको बताउँदै उनले प्रश्न गरे, 'हामी सँग त निस्सा छ, यस्तो भकालाई पनि हटाउला र ?'

सोहि बस्तिमा घर धन्दामा रहेकी एक महिला भने यस विषयमा बोल्न चाहिनन् । 'खै के भन्नु र, अब जे होला, त्यहि होला नि' उनले भनिन् 'मलाई त केहि थाह छैन है यस बारेमा ।' दमकका यि बस्तिहरूमा मात्र नभई विभिन्न वडामा रहेका भुमिहिन तथा अव्यवस्थित बसोबासीहरूको बस्तिमा यस्तै प्रकारको त्रास देखिन्छ । वर्षौ दुःख गरेर कमाएको पैसाले बनाएको छाप्रो पनि सरकारले भत्कायो भने कहाँ जाने होला भनेर उनीहरू त्रसित देखिएका छन् ।

दमक नगरपालिकाका नगरप्रमुख रामकुमार थापाले यस बारेमा दिएको धारणाले भने कतिपय आशावादी पनि देखिएका छन् । प्रशासनबाट अतिक्रमित क्षेत्रको बस्ति हटाउन गरिएको पत्राचार प्रति उनी असन्तुष्ट बनेका छन् । स्थानीय सरकार प्रशासनको निर्देशन मान्ने ईकाई वा जिल्ला प्रहरी कार्यालय मातहतको प्रहरी चौकी नभई स्वायत्त जनप्रतिनिधी मूलक स्थानीय सरकार भएको उनले बताउँदै आएका छन् ।

### *११ बढी......*

सुधार गर्ने उद्देश्य रहेको छ । पार्टी सभापति रवि लामिछाने ले संसद्को पहिलो बैठकमै राजनीतिक नियुक्ति पाएकाहरूलाई राजीनामा दिन आह्वान गरेका थिए । यो कदम लागू भए संवैधानिक बाहेकका सार्वजनिक संस्थान, नियामक निकाय र विभिन्न आयोगहरूमा रहेका करिब ११ सयभन्दा बढी पदाधिकारी प्रभावित हुने अनुमान छ । सरकारले आवश्यक परे अध्यादेश नभए संसद्बाटै ऐन ल्याएर प्रक्रिया अघि बढाउने संकेत दिएको छ ।

रास्वपाका प्रवक्ता मनिष झाले यो कदम व्यक्ति हटाउन नभई "गलत प्रवृत्ति" अन्त्य गर्नका लागि भएको बताएका छन्। उनका अनुसार विगतमा दलगत भागबण्डा, पहुँच र स्वार्थका आधारमा नियुक्ति हुँदा संस्थागत कमजोरी बढेको हो। योग्य व्यक्ति भए पुनः खुला प्रतिस्पर्धाबाट आउन सक्ने उनले स्पष्ट पारे। तर प्रशासनविद्हरूले संवैधानिक र राजनीतिक नियुक्ति फरक हुने भन्दै कानुनी जटिलता औंल्याएका छन्। संवैधानिक निकायका पदाधिकारीलाई सरकारले सिधै हटाउन नसक्ने र त्यसका लागि महाअभियोगजस्ता प्रक्रियाको आवश्यकता पर्ने तर्क गरिएको छ ।

नेपालमा सार्वजनिक संस्थान, विश्वविद्यालय, आयोग र विभिन्न मन्त्रालयअन्तर्गतका निकायमा लामो समयदेखि राजनीतिक नियुक्तिको अभ्यास रहँदै आएको छ । नयाँ सरकारको यो कदमले प्रशासनिक सुधारको संकेत दिए पनि यसको कार्यान्वयन, कानुनी चुनौती र राजनीतिक प्रभावबारे बहस अझ तीव्र हुने देखिएको छ ।

## अन्तर्राष्ट्रिय

# सुकीको दण्डमा कटौती

**एजेन्सी**/ म्यानमारको सैनिक सरकारले थुनामा रहेकी प्रजातन्त्रवादी नेत्री आङ सान सूकीलाई घरमा नजरबन्दमा सारिएको जनाएको छ । थुनामा रहेकी ८० वर्षीय नेत्रीलाई घरमा नजरबन्दमा सारिएको साथै उहाँको सजायलाई घटाएर १८ वर्ष बनाएको सैन्य सरकारले बताएको छ । सैन्य प्रमुख मिन आङ लाइङले आङसाङको बाँकी सजाय घरमै पूरा गर्ने आदेश दिएको बताए ।

सुकीलाई सुनाइएको ३३ वर्षको सजायलाई पटक-पटक कटौती गरिएको छ । त्यहाँको सरकारी सञ्चारमाध्यमले नोबेल शान्ति पुरस्कार विजेता सूकीलाई दुई जना सैनिक पोसाक लगाएका व्यक्तिका सामुन्ने बसिरहेको एउटा तस्बिर पनि प्रसारण गरेका छन् । सन् २०२१ मा सूकीको सरकारलाई सैन्य कूबाट अपदस्थ गरिएको थियो । त्यसयता जेलमा थुनामा राखिएको थियो । तर छोरा किम एरिसले शङ्का व्यक्त गरी आफ्नी आमा जीवित रहे या नरहेको प्रमाण आफूले नपाएको बताएका बीबीसीले जनाएको छ । सन् १९९१ मा सुकीले नोबेल शान्ति पुरस्कार प्राप्त गरे ।

# ४ सय बढि बिचौलिया पक्राउ

**दमक**/ नेपाल प्रहरीले पछिल्लो एक महिनाको अवधिमा देशभरबाट ४ सय १७ जना बिचौलियाहरूलाई पक्राउ गरेको छ । उपत्यकाबाट १ सय २३ जना, कोशी प्रदेशबाट ४५ जना, मधेस प्रदेशबाट ५० जना, बागमती प्रदेशबाट ७६ जना, गण्डकी प्रदेशबाट २७ जना, लुम्बिनी प्रदेशबाट ४४ जना, कर्णाली प्रदेशबाट २४ जना र सुदूरपश्चिम प्रदेशबाट २८ जना पक्राउ परेका हुन् । पक्राउ मध्ये १ सय २१ जना व्यक्तिहरु उपर मुद्दा दर्ता गरिएको छ भने २ सय ९६ जना व्यक्तिहरूलाई छानबिन पछि छाडिएको छ ।

## पेट्रोलियम पदार्थको मूल्य समायोजन

दमक । नेपाल आयल निगमले पेट्रोलियम पदार्थको मूल्यमा समायोजन गरेको छ । निगम सञ्चालक समितिको बिहीबार बसेको बैठकले भारतीय आयल कर्पोरेसन (आईओसी) बाट प्राप्त नयाँ खरिद मूल्यअनुसार राती देखि लागू हुने गरी डिजेल, मट्टितेल र पेट्रोलको मूल्य घटाएको छ भने खाना पकाउने एलपी ग्यास र हवाई इन्धनको मूल्यमा वृद्धि गरेको छ । निगमका अनुसार डिजेल र मट्टितेलको मूल्यमा प्रतिलिटर १२ रूपैयाँले ठूलो गिरावट आएको छ। त्यस्तै, पेट्रोलको मूल्यमा प्रतिलिटर २ रूपैयाँ घटाइएको छ ।

# विद्यार्थी संगठन खारेजीविरुद्ध सर्वोच्चमा रिट


**दमक**/ सरकारले विद्यालय तथा विश्वविद्यालय हाताबाट दलीय विद्यार्थी संगठन र स्वतन्त्र विद्यार्थी युनियन (स्ववियु) खारेज गर्ने गरी गरेको निर्णयविरूद्ध सर्वोच्च अदालतमा रिट दर्ता भएको छ । प्रधानमन्त्री बालेन्द्र शाह नेतृत्वको मन्त्रीपरिषद्ले गरेको उक्त निर्णय असंवैधानिक भएको दाबी गर्दै वैज्ञानिक समाजवादी विद्यार्थी संगठन नेपालका केन्द्रीय सदस्यहरु सन्दीप थापा, अधिवक्ता प्रदीप विश्वकर्मा, सुमित मैनाली र सदस्यहरू मिली गौतम र कलश चम्लागाईंले संयुक्त रूपमा रिट दायर गरेका हुन । दायर गरेको रिटमा प्रधानमन्त्री प्रधानमन्त्री तथा मन्त्रीपरिषद्को कार्यालय, गृह मन्त्रालय, शिक्षा मन्त्रालय र विश्वविद्यालय अनुदान आयोगलाई विपक्षी बनाइएको छ ।

# जीप दुर्घटनामा मर्ने एकै परिवारका ७ जना

**दमक**/ रोल्पाको थवाङ गाउँपालिका-१ जलजला भन्ने ठाउँमा भएको जिप दुर्घटनामा ज्यान गुमाउनेमध्ये ७ जना एउटै परिवारका सदस्यहरु रहेको खुलेको छ । सो दुर्घटनामा २० जनाको मृत्यु भएको छ । रूकुमपूर्वबाट थवाङ गाउँपालिका-१ जलजलातर्फ जाँदै गरेको बोलेरो जिप बिहीबार दिउँसो दुर्घटना भएको थियो । मृत्यु हुनेमा १२ जना महिला, ४ जना पुरूष र ४ जना बालक छन् । दुर्घटनामा रूकुमपूर्व सिस्ने गाउँपालिका-५ का ३२ वर्षीय समिर कामी घाइते छन् । उनलाई राति नै अस्पताल लगिएको थियो ।

सो दुर्घटनामा रूकुमपूर्वको सिस्ने गाउँपालिका-५ टाकुरा भन्ने ठाउँका एकै परिवारका ७ जनाको घटनास्थलमै मृत्यु भएको वडाध्यक्ष बीरेन्द्र बस्नेतले जानकारी दिए । मृतक २० मध्ये तीमध्ये ९ जना दाङका व्यक्ति रहेको वडाध्यक्ष बस्नेतले बताए । जिप करिब ८ सय मिटर तल झरेको थियो । बिहीबार पानी परेकाले र रात परेपछि खोज तथा उद्धार स्थगित गरिएको थियो ।

खड्ग बहादुर खड्काको
**कविता संग्रह**
ज्वाला




विभिन्न पुस्तक पसलमा उपलब्ध छ । किनेर पढ्न चाहनेले नजिकको पुस्तक पसलमा सम्पर्क गर्नहुन अनुरोध छ ।
सम्पर्क नम्बर : ९८४४६८०४९९

## खेलकुद

### सन्दीपले बनाए विकेट लिने बलरको विश्व रेकर्ड

# युएईमाथि नेपालको रोमाञ्चक जीत



**दमक**/ नेपाली टोलीका प्रभावशाली लेग-स्पिनर सन्दीप लामिछाने आईसीसी क्रिकेट विश्वकप लिग-२ प्रतियोगितामा महत्वपूर्ण उपलब्धि हासिल गरेका छन् । सन्दीप लिग-२ प्रतियोगितामा एक सय विकेट लिने विश्वकै पहिलो बलर बनेका छन् । यसअघि पनि लिग-२ प्रतियोगितामा सर्वाधिक विकेट लिने बलरको सूचीमा उनी पहिलो स्थानमै थिए ।

उनले शुक्रबार कीर्तिपुरस्थित अन्तर्राष्ट्रिय क्रिकेट मैदानमा जारी संयुक्त अरब इमिरेट्स (यूएई)विरूद्धको खेलमा यस्तो उपलब्धि हासिल गरेका हुन् । २५ वर्षीय सन्दीपले यूएईका ओपनर ब्याट्सम्यान आर्यान्श शर्मालाई आफ्नो १००औं सिकार बनाए । उनले आर्यान्शलाई ३३ रनको व्यक्तिगत स्कोरमा ललित राजवंशीद्वारा क्याच गराए ।

घरेलु मैदानमा जारी लिग-२ शृंखलामा यसअघि सन्दीपले ओमानविरूद्ध दुई र यूएईविरूद्ध पनि दुई विकेट लिएका थिए । उनले लिग-२ प्रतियोगिताको पहिलो संस्करणमा ३१ खेलको ३० पालीमा ७२ विकेट लिएका थिए । जारी दोस्रो संस्करणमा पनि १९ खेलको १७ पालीमा २८ विकेट लिइसकेका छन् ।

लिग-२ प्रतियोगितामा अमेरिकाका सौरभ नेत्रवाल्करले ९३ विकेट लिएका छन् । उनले पहिलो संस्करणमा ५८ र जारी संस्करणमा ३५ विकेट लिएका हुन् ।

सन्दीपले सन् २०१८ को अगस्त १ तारिखमा नेदरल्याान्ड्सविरूद्ध खेल्दै एकदिवसीय अन्तर्राष्ट्रिय क्रिकेटमा 'डेब्यू' गरेका थिए । त्यसयता सन्दीपले ६९ एकदिवसीय अन्तर्राष्ट्रियको ६७ पालीमा कुल एक सय ४० विकेट लिइसकेका छन् । यो ढाँचाको क्रिकेटमा उनको उत्कृष्ट प्रदर्शन भने केवल ११ रन खर्चिएर ६ विकेट हो ।

यूएईविरूद्धको नेपालले रोचक जित हासिल गरेको छ । आईसीसी विश्वकप क्रिकेट लिग २ अन्तर्गत शुक्रबारको खेलमा नेपालले यूएईलाई ६ रनले पराजित गरेको हो । डकवर्थ लेविस मेथडका आधारमा २५५ रनको लक्ष्य पाएको यूएई निर्धारित ३८ ओभरमा ८ विकेट गुमाउँदै २४८ रनमा समेटियो ।

# चिकित्सकको लाइसेन्स रद्द

**दमक**/ नेपाल मेडिकल काउन्सिलले नेपाली नागरिकता त्यागी विभिन्न देशको स्थायी बसोबास अनुमति (पीआर) लिएका थप १९ जना चिकित्सकको लाइसेन्स रद्द गरेको छ। काउन्सिलका अनुसार नेपाली नागरिकता त्यागेपछि उनीहरूलाई नेपालमा चिकित्सकको रूपमा सूचीमा राख्न नमिल्ने भएकाले काउन्सिल ऐन, नियमावली तथा नागरिकता ऐन अनुसार नाम दर्ता सूचीबाट हटाइएको हो। यसअघि पनि एक साताअघि १७ जना चिकित्सकको लाइसेन्स रद्द गरिएको थियो। लगातार भइरहेको यस्तो निर्णयप्रति केही चिकित्सकले विरोध जनाए पनि काउन्सिलले नियमअनुसार प्रक्रिया अघि बढाइएको स्पष्ट पारेको छ।

# मालपोतको सेवा दिन २०७ पालिका इच्छुक

दमक । स्थानीय तहबाटै नापी तथा मालपोत सेवा दिन २०७ वटा पालिका इच्छुक देखिएका छन्। भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयले एक साताअघि नापी तथा मालपोत कार्यालयको सेवा स्थानीय तहबाटै दिन इच्छुक पालिकालाई सहभागीका लागि सूचना आह्वान गरेको थियो ।

## सुकुम्बासी हटाएको विरोधमा आन्दोलन घोषणा

सुकुम्बासीहरूलाई हटाएको विरोधमा अखिल नेपाल सुकुम्बासी संघले आन्दोलनका कार्यक्रम घोषणा गरेको छ । संघले बिहीबार पत्रकार सम्मेलन गर्दै प्रधानमन्त्री बालेन्द्र (बालेन) शाहलाई हटाउन रास्वपालाई अनुरोध गर्नेदेखि मेची-महाकाली राजमार्गमा चक्काजाम र हड्ताल गर्नेसम्मका कार्यक्रम अघि सारेको हो ।

# स्थानीय तहमा उपसचिव बस्न चाहेनन

**दमक**/ स्थानीय तहमा खटाइएका उपसचिवहरु नवराज ओझा र भोजबहादुर ऐडीले आफ्नो पदबाट राजिनामा दिएका छन्। डडेल्धुराको अमरगढी नगरपालिकामा प्रमुख प्रशासकीय अधिकृतका रूपमा सरूवा भएका ओझाले स्वास्थ्य अवस्था र व्यक्तिगत समस्या दर्शाउँदै राजीनामा बुझाएका हुन् भने बाजुराको बुढीगंगा नगरपालिकामा खटाइएका ऐडीले मन्त्रालयमै पुगेर राजीनामा दिएका हुन्।

# एमआरपी कडाइपछि काकरभिट्टा नाका सुनसान

काँकडभिट्टा । पूर्वी नाका काँकरभिट्टा स्थित मेची भन्सार कार्यालयमा पछिल्ला केही दिनदेखि व्यापारिक चहलपहल घटेर नाका सुनसानजस्तै बनेको छ। सरकारले आयात हुने तरकारी, फलफूल तथा प्याकेजिङ सामग्रीमा अधिकतम खुद्रा मूल्य (एमआरपी) अनिवार्य गर्ने नियम कडाइका साथ लागू गरेपछि यस्तो अवस्था आएको हो।

एमआरपी नियम कडाइसँगै कार्यान्वयन भएपछि आयातकर्ताहरूले सामान ल्याउन छाडेका छन्, जसको असर राजस्व संकलनमा समेत देखिन थालेको छ। भन्सार विभागका अनुसार पेट्रोलियम पदार्थ, सागसब्जी र औद्योगिक कच्चापदार्थको जाँचपास सामान्य रूपमा भए पनि अन्य व्यापारिक सामानको आयात लगभग ठप्प छ।

**शान्ति र सद्भाव कायम गरौं ।**

- शान्ति, अहिंसा र करुणालाई जीवनमा अपनाऔं,
- द्वेष, हिंसा र घृणालाई त्यागी मेलमिलाप र सहिष्णुता बढाऔं,
- सत्य, सदाचार र नैतिक मार्गमा हिंडौं,
- सबै प्राणीप्रति दया, प्रेम र सहानुभूति राखौं,
- मद्यपान, लागूपदार्थ तथा नकारात्मक बानीबाट टाढा रहौं,
- समाजमा शान्ति, सद्भाव र एकताको वातावरण निर्माण गरौं,
- ध्यान, साधना र आत्मचिन्तनमार्फत सकारात्मक जीवनशैली अपनाऔं,
- बुद्धका सन्देशहरूलाई नयाँ पुस्तासम्म पुऱ्याऔं,
- सरल, संयमित र अनुशासित जीवन जिउन प्रेरित होऔं।

नेपाल सरकार
विज्ञापन बोर्ड

**प्रधान सम्पादक/प्रकाशक**: गञ्जबहादुर दाहाल, **कार्यालय**: दमक-५, झापा, फोन: ०२३-५७०२७२, **प्रबन्धक**: सुवासचन्द्र भट्टराई, **मुद्रण**: ज्योति अफसेट प्रेस, **कार्यकारी सम्पादक**: खगेन्द्र कार्की E-mail:purbasandesh@yahoo.com **ले-आउट**: सुरेन बस्नेत **सल्लाहकार** : पंकज दाहाल